नेपाली मातृभाषी मगर विद्यार्थीको पुख्र्यौली भाषा सिकाइ

ताराप्रसाद पोखरेल[१] उमेश काफ्ले, पिएचडी[२], केशवराज पोखरेल, पिएचडी[३]

[१]विद्यावारिधि शोधार्थी, शिक्षाशास्त्र सङ्काय, त्रिवि
Email
tarapokharel2028@gmail.com
orcid id : https://orcid.org/0009-0002-5198-9595'

[२]उपप्राध्यापक, शिक्षाशास्त्र केन्द्रीय विभाग, त्रिवि
Corresponding: umeshkafle4@gmail.com
orcid id : https://orcid.org/0009-0008-8540-7999

[३]प्राध्यापक, शिक्षाशास्त्र केन्द्रीय विभाग, त्रिवि
krpokharel@hotmail.com

प्रकाशन : २०८३ असार
Publish: 2026 June
Doi:
https://doi.org/10.3126/bns.v29i1.95336

This is an open access article distributed under the terms and conditions of the Creative Commons Attribution (CC BY NC)
https://creativecommons.org/licenses/by/4.0
© 2026 by the author

Journal
विकासको निम्ति शिक्षा
Bikashko Nimti Shiksha
ISSN: 2616-0188 (Print)
3021-954X (Online)
website: https://www.nepjol.info/index.php/bns
Published By
Research Centre for Educational Innovation and Development (CERID)
http://cerid.tu.edu.np

लेखसार

नेपालमा भाषा जातीय पहिचानको आधार मानिए पनि कतिपय समुदायका मानिसले मातृभाषाको प्रयोग नगरी दोस्रो भाषालाई मातृभाषाका रूपमा प्रयोग गर्दै आएको पाइन्छ । यस अध्ययनमा नेपाली भाषा पहिलो भाषाका रूपमा सिकेका मगर विद्यार्थीको पुख्र्यौली भाषा सिकाइ प्रक्रियालाई अध्ययनको मुख्य उद्देश्य मानिएको छ । कास्की जिल्लाको ग्रामीण क्षेत्रमा बसोबास गर्ने मगर समुदायका विद्यार्थी पठनपाठन गर्ने विद्यालयलाई अध्ययन क्षेत्र बनाइएको छ । गुणात्मक अनुसन्धानको घटनाक्रियात्मक विधिलाई अवलम्बन गरी अध्ययन पूरा गरिएको छ । परिवारमा मगर मातृभाषा नबोलिँदा नेपाली भाषा दोस्रो भाषा मानेका मगर समुदायका बालबालिकाको पुख्र्यौली भाषा सिकाइ अवस्था पहिचानका लागि दुई जना शिक्षक र चार जना विद्यार्थीसँग कुराकानी गरिएको छ। शिक्षक र विद्यार्थीसँगको कुराकानीलाई लिप्यन्तरण गरी मुख्य सार निर्माण पश्चात् त्यसकै आधारमा तथ्यको विश्लेषण गरी निष्कर्षमा पुगिएको छ । यसमा मगर विद्यार्थीको पुख्र्यौली भाषा सिकाइको अवस्था, मगर विद्यार्थीको नेपाली भाषा सिकाइ, शिक्षण सिकाइमा नेपाली र पुख्र्यौली मगर भाषाको सम्बन्ध, पुख्र्यौली मगर भाषा सिकाइमा नेपाली भाषाको उपयोगिता र पुख्र्यौली भाषा सिकाइका चुनौती र समाधानका उपायलाई मुख्य सार मानी तिनको विश्लेषण गरिएको छ । कक्षा एकबाट मगर भाषा पढेका विद्यार्थीहरू कक्षा चारपाँचमा आइपुग्दा पुख्र्यौली भाषामा पढ्न र बोल्न दक्ष बन्दै गएका छन् । नेपाली भाषा पहिलो भाषाका रूपमा प्रयोग गरिए पनि मगर भाषाको अध्ययन रुचिपूर्ण भएको तथा विद्यार्थीको दोस्रो भाषा सिकाइमा पहिलो भाषाका शाब्दिक ज्ञान र धारणाले सहयोग गरेको छ । मगर भाषाको संरक्षण र संवर्धनका लागि यसको पठनपाठन अनिवार्य रहेको तथ्य प्राप्त भएको छ। यस लेखले पुख्र्यौली भाषा र मातृभाषाबिचको सिकाइ अवस्था पहिचान गरी सोही अनुरुप शिक्षण सिकाइ कार्यकलाप सञ्चालनमा सहयोग गर्दछ ।

शब्दकुन्जी: पहिलो भाषा, पुख्र्यौली भाषा, भाषाको संवर्धन, भाषा सिकाइ, भाषिक व्यवस्था, मातृभाषा ।

अध्ययनको पृष्ठभूमि

भाषा प्रयोगका सन्दर्भमा विभिन्न दृष्टिकोणबाट अध्ययन अनुसन्धान भएका छन् । नेपाली भाषाको स्वरूप र यसको नीतिगत व्यवस्थाबारे पनि फरक तरिकाले सोधखोज हुँदै आएको छ । यस लेखमा भाषा प्रयोगको वास्तविक सन्दर्भ र त्यसको *पुख्र्यौली* सम्बन्धलाई मुख्य केन्द्रविन्दु बनाइएको छ ।

नेपाली भाषा मातृभाषा, पहिलो भाषा र दोस्रो भाषाका रूपमा उपयोग छ । आमाबाबुकै भाषा प्रयोग गर्नु नेपाली मातृभाषा सिकाइ हो (अधिकारी, २०६७) । आमाबाबुको भाषा नअपनाई प्रारम्भदेखि नेपाली भाषा प्रयोग गर्नु पहिलो भाषा सिकाइ हो । मातृभाषा जानेर नेपाली सिक्नु दोस्रो भाषा सिकाइको अवस्था हो । व्यक्ति वा समुदायको पहिचान गराउने प्रमुख तत्व उसको मातृभाषा भएकाले सोही अनुरुपको शिक्षण अपेक्षा गरिन्छ । दोस्रो भाषालाई घरपरिवारमा प्रयोग गर्दै गएमा कालान्तरमा पहिचानको मातृभाषा लोप हुँदै जान्छ । पछिल्ला पुस्ताका लागि पहिचानको भाषा *पुर्ख्यौली* भाषा बन्छ र दोस्रो भाषाले मातृभाषाको स्थान पाउँछ । मातृभाषा घरपरिवारमा आफ्ना बाबुआमाबाट बालकले पहिलोपटक सिकेको भाषा हो (कान्यिले, सन् २०२१, पृ.२२) । बालक घरबाट विद्यालय वा छरछिमेकको सम्पर्कमा नआउँदासम्म मातृभाषाको मात्र प्रयोग गर्दछ । मातृभाषा भनेको व्यक्तिको आफ्नो जन्मभूमि वा पुर्खाको भाषा पनि हो (जुन, सन् २०२१, पृ. १६८) । यसर्थ नेपाली भाषा पहिलो भाषाका रूपमा प्रयोग गरेका मगर विद्यार्थीको *पुर्ख्यौली* भाषा सिकाइको खोजी आवश्यक देखिएको छ ।

नेपालमा मातृभाषाको संरक्षण र *पुर्ख्यौली* भाषामा अध्ययनका लागि संवैधानिक र कानुनी व्यवस्था गरिएको छ । राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालमा १ सय ४२ जातजातिका मानिसहरू बसोबास गर्दछन् भने १ सय २४ वटा भाषा अस्तित्वमा रहेका छन् । देशभित्र वसोबास गर्ने ४४.८६ प्रतिशत समुदायको मातृभाषा नेपाली हो । बाँकी ५५.१४ प्रतिशत समुदायका मानिसहरूले नेपाली बाहेक अन्य मातृभाषाको प्रयोग गर्दछन् । यसले गर्दा मातृभाषाको महत्त्व बढ्दै गएको छ । यस अध्ययनमा मूलतः मगर र नेपाली मातृभाषा शिक्षा कार्यान्वयन भएको विद्यालयमा केन्द्रित भई अध्ययन गरिएको छ । नेपालको कुल जनसङ्ख्यामध्ये मगर समुदायको जनसङ्ख्या २० लाख १३ हजार ४ सय ९८ रहेको देखिन्छ (राष्ट्रिय तथ्याङ्क कार्यालय, २०७८) । यसमा मगर मातृभाषा प्रयोग गर्ने सङ्ख्या ८ लाख १० हजार ३ सय १५ रहेको छ । मगर मातृभाषा बोल्ने सङ्ख्या २.८५ प्रतिशत रहेको छ । बाँकी रहेका ४.०५ प्रतिशत मगर समुदायका मानिसले मगर मातृभाषा प्रयोग नगरेको जनगणनाको प्रतिवेदनमा उल्लेख छ (राष्ट्रिय तथ्याङ्क कार्यालय, २०७८) । मगर समुदायका मगर मातृभाषा प्रयोग नगर्ने वक्ताको सङ्ख्या धेरै रहेको पाइन्छ । अहिले स्थानीय तहमा मातृभाषा तथा *पुर्ख्यौली* भाषा सिकाइको कार्य थालिएको छ । फ्याक (सन् २०१६) का अनुसार मातृभाषा शिक्षाको माध्यमबाट जातीय अल्पसङ्ख्यक बालबालिकाको आधारभूत प्राथमिक शिक्षामा पहुँच बढाउन नेपाल सरकारले ध्यान दिएको छ (पृ. २००) । नेपालको राष्ट्रिय जनगणना, नीतिगत व्यवस्था र भाषिक स्थितिका आधारमा आधारभूत तहका विद्यार्थीको *पुर्ख्यौली* मगर भाषा सिकाइको अवस्थाबारेमा अध्ययन आवश्यक देखिएको छ ।

नेपालको नीतिगत व्यवस्थामा मातृभाषा सिकाइप्रति झुकाव देखाइएको छ । राष्ट्रिय पाठ्यक्रम प्रारूप २०६३ र २०७६ ले शैक्षिक क्षेत्रमा देखा पर्ने शैक्षिक मुद्दा र चुनौतीलाई सम्बोधन गर्न स्थानीय आवश्यकतामा आधारित मातृभाषा शिक्षालाई विशेष जोड दिएका छन् (पाठ्यक्रम विकास केन्द्र, २०७६, पृ. १) । शिक्षानीतिमा बालबालिकाको मातृभाषामा शिक्षा दिने उल्लेख गरिए पनि *पुर्ख्यौली* भाषाका बारेमा उल्लेख नहुनुले *पुर्ख्यौली* भाषा सिकाइ ओझेलमा परेको पाइन्छ । नेपालको संविधान २०७२ को धारा ३१(५) मा प्रत्येक समुदायका बालबालिकालाई आफ्नो मातृभाषामा शिक्षा लिन पाउने अधिकार भएको उल्लेख गरिए तापनि पुर्ख्यौली भाषाका बारेमा कतै पनि उल्लेख भएको पाइँदैन । नेपालको संविधान २०७२ तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा मातृभाषा शिक्षा कार्यान्वयन गर्नुपर्ने स्पष्ट पारिएको छ । यसले मातृभाषा शिक्षा कार्यान्वयनका लागि स्थानीय तहलाई अधिकार दिएको छ । पछिल्लो समय स्थानीय तहमा प्रचलित मातृभाषामा शिक्षा दिन सुरुवात भए पनि सबै स्थानीय तहले यसलाई प्रभावकारी उपयोगमा ल्याउन सकेका छैनन् । बालबालिकाको पुर्ख्यौली भाषामा पनि स्थानीय तहको पहलमा शिक्षा दिन सुरुवात गरिएको छ । आफ्ना पुर्खाले बोलेको भाषालाई बालबालिकाले सिक्ने अवसरको सिर्जना हुन थालेको छ । सोही

आधारमा नेपालमा नीतिगत तहबाट नै स्थानीय मातृभाषाको पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था गरिएको छ। हाल कक्षा १–३ मा साप्ताहिक ५ पाठ्यघण्टा र वार्षिक १ सय ६० पाठ्यघण्टा एवम् कक्षा ४–८ मा साप्ताहिक ४ पाठ्यघण्टा र वार्षिक १२८ पाठ्यघण्टाको स्थानीय पाठ्यक्रम कार्यान्वयन हुँदै आएको छ। स्थानीय पाठ्यक्रमको मान्यताअनुरूप स्थानीय तहले स्थानीय मातृभाषा पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गर्न सक्छन्। आधारभूत तहका विद्यार्थीलाई मातृभाषामा शिक्षा दिनका लागि पाठ्यक्रम विकास केन्द्रले हालसम्म २९ वटा मातृभाषाका पाठ्यक्रम तयार पारेको छ। मातृभाषामा शिक्षा दिनाले विद्यार्थीको विद्यालयप्रति आकर्षण बढ्न जान्छ।

मातृभाषा र पुर्ख्यौली भाषामा शिक्षा दिनु भनेको मानिसमा नैतिक मूल्यको विकास गर्नु हो (स्पोल्स्की, सन् २०१२, पृ. ८१)। पुर्ख्यौली भाषा मानिसको जातीय पहिचानको प्रतीक भएकाले बालबालिकालाई पनि पुर्ख्यौली भाषामा शिक्षा दिँदा उपयुक्त हुन्छ। नेपाल भौगोलिक, धार्मिक, सांस्कृतिक, जातीय तथा भाषिक विविधता भएको देश हो। हकला (सन् २०१४) का अनुसार नेपाल सांस्कृतिक तथा भाषिक पहिचान भएको हिमाली राष्ट्र हुनाले यहाँका सबै जातजातिका मौलिक भाषा रहेको (पृ.८) उल्लेख गरिएको छ। नेपालमा बसोबास गर्ने नेपालीहरूको आफ्नै प्रकारको जातीय पहिचान हुनुको कारण मातृभाषा पनि भएको मान्न सकिन्छ। जातीय पहिचान कायम गर्न मातृभाषा र पुर्ख्यौली शिक्षासम्बन्धी नीति निर्माणका लागि स्थानीय स्तरमा प्रक्रिया सुरु हुनुपर्छ (नाउरी, सन् २०२४, पृ. १०)। मातृभाषा शिक्षा कार्यान्वयनका लागि केन्द्रीय तहमा निर्माण भएका पाठ्यक्रम निर्माणको जिम्मा स्थानीय तहले लिएका छन्। जुन (सन् २०२१) का अनुसार मातृभाषा शिक्षा भाषिक नीति र योजनामा आधारित हुन्छ (पृ. १४)। नेपालको भाषा नीतिले पनि सबै भाषालाई समान महङ्खव दिएकाले पनि मगर भाषाको पठनपाठन हुँदै आएको छ।

पुर्ख्यौली भाषाका आधारमा शिक्षण सिकाइ सञ्चालन गर्न विद्यार्थीको भाषिक व्यवहारलाई विशेष ध्यान दिनुपर्ने देखिन्छ। उनीहरूलाई पुर्ख्यौली भाषामा प्रारम्भिक तहको शिक्षा प्रदान गर्नु सान्दर्भिक भए पनि व्यवहारत त्यसो हुन सकेको छैन। नाउरी (सन् २०२४) ले भर्खर नयाँ भाषा सिकाइका क्रममा रहेका बालबालिकालाई भाषिक र सामाजिक भावनात्मक आवश्यकतामा ध्यान दिन नसकेमा उनीहरूको सिकाइ उद्देश्योन्मुख नहुने (पृ.६) कुरा गरेर बालबालिकालाई आफ्नो मौलिक पहिचानको भाषामा शिक्षा दिनुपर्ने बताएका छन्। शिक्षणको विषय र माध्यम बनेका भाषाको प्रयोग र विकासमा शिक्षकको भूमिका रहन्छ। इयो (सन् २०२१) ले शिक्षकबाट प्रयोग गरिएको निर्देशनको भाषाले पारेको प्रभावका बारेमा अध्ययन आवश्यक रहेको (पृ.८) उल्लेख गरेर बालबालिकाको पहिचानको भाषामा जोड दिएका छन्। नेपालमा बसोबास गर्ने हरेक समुदायको आ–आफ्नै भाषिक पहिचान रहेको भए पनि मगर समुदायका केही मानिसले पुर्ख्यौली भाषा प्रयोग गर्न छाडेर नेपाली भाषालाई नै पहिलो भाषाका रूपमा प्रयोग गरेको पाइन्छ। राष्ट्रिय तथ्याङ्क कार्यालय (२०७८) ले नेपालमा बसोबास गर्ने बहुसङ्ख्यक मानिस बहुभाषी रहेको तथ्याङ्क प्रस्तुत गरेर मातृभाषाको प्रयोग कम हुँदै गएको तथ्य प्रस्तुत गरेको छ। सामाजिक परिवेशका कारण कुनै जातीय समुदायका मानिसले मातृभाषा प्रयोग गर्न छाडे पनि यसबारे आवश्यक अध्ययन अनुसन्धान भएको पाइँदैन। आधारभूत तहमा अध्ययनरत मगर समुदायका बालबालिकाहरूले मातृभाषाको रूपमा नेपाली भाषालाई प्रयोग गरेका छन्। मगर भाषा उनीहरूको लागि पुर्ख्यौली भाषा मात्र बनेको छ। यस लेखमा मातृभाषा नेपाली भएका मगर समुदायका बालबालिकाको पुर्ख्यौली भाषा सिकाइ अवस्थाको अध्ययन गरिएको छ।

पूर्वकार्यको पुनरावलोकन र विश्लेषणात्मक ढाँचा

समाजमा रहेका अल्पसङ्ख्यक समुदायका भाषाको संरक्षण गर्न पुर्ख्यौली भाषा शिक्षणमा जोड दिइएको छ। अध्ययनहरूले पुर्ख्यौली भाषा सिकाइलाई प्रभावकारी बनाउन अल्पसङ्ख्यक भाषिक समुदायका बालबालिकाको

शिक्षण सिकाइसँग सम्बन्धित बनाएका छन्। विली (सन् २००१), भान, (सन् २००३) र पोलिन्स्की (सन् २०१५) ले अल्पसङ्ख्यक समुदायका भाषाको संरक्षण र संवर्धनका लागि बालबालिकाको शिक्षण सिकाइमा उपयोग गरी यसको प्रभावका सन्दर्भमा आलोचनात्मक बहसको आवश्यकता औल्याएका छन्। नेपालका सन्दर्भमा मगर भाषी विद्यार्थीको भाषा सिकाइमा पनि पुख्यौंली भाषाभन्दा नेपाली भाषाको प्रभाव बढ्दै गएकाले त्यसकै सापेक्षमा अध्ययन गर्नुपर्ने हुन्छ । कमिन्स (सन् १९८३) र फिसम्यान (सन् २००१) ले पुख्यौंली भाषालाई बालबालिकासँग सम्बद्ध मानेकाले त्यही दृष्टिले मगर भाषा सिकाइलाई पनि हेर्न सकिन्छ । भाषिक ज्ञान प्राप्ति र त्यसको सहज सम्प्रेषणका लागि पनि मातृभाषाको महङ्खवपूर्ण भूमिका रहेको अध्ययनहरूले पुष्टि गरेका छन्।

मातृभाषाको संरक्षण र पुनर्जागरणका लागि पुख्यौंली भाषाको पठनपाठन आवश्यक रहेको पूर्वअध्ययनहरूले देखाएका छन् । पुख्यौंली भाषा सिकाइले बालबालिकालाई विद्यालय जान उत्साह प्रदान गर्दछ । यसले बालबालिकालाई विद्यालय जान र अभिभावकलाई आफ्ना बालबालिका विद्यालय पठाउन प्रोत्साहन गर्छ (मुजुरा, सन् २०१६) । मातृभाषामा शिक्षाको पहुँच स्थापित गर्न र समाजमा भाग लिनका लागि अल्पसङ्ख्यक भाषिक समुदायको भाषिक अनुसन्धान आवश्यक हुन्छ (देसाइ, सन् २०१२)। अल्पसङ्ख्यक भाषाको अध्ययन गर्ने व्यवस्था भएमा पुख्यौंली भाषा सिकाइमा प्रभावकारी हुन्छ । कुनै मातृभाषालाई शिक्षामा प्रयोग गर्दा त्यसबाट प्रभावित समुदायको अध्ययन आवश्यक छ।

पुख्यौंली भाषाको शिक्षणलाई कक्षाकोठासम्म पुर्याउने प्रभावकारी तरिकाका बारेमा पर्याप्त अध्ययनहरू हुन सकेको छैन। युनेस्कोको प्रतिवेदन (सन् १९५३), बिउडायर (सन् २०२१), चौधरी र सिल (सन् २०२१) का अनुसार मातृभाषा र पुख्यौंली भाषालाई कक्षाकोठामा कसरी प्रयोग गर्ने भनी आधार बनाई गरिएका अध्ययन अनुसन्धानको अभाव देखिएको छ । कुन भाषालाई शिक्षाको माध्यम मान्ने भन्ने अन्योल रहेकाले भाषिक अल्पसङ्ख्यकले समस्या झेल्नुपरेको छ। बालबालिकाको परिवारमा बोलिने मातृभाषाको प्रयोग गरी पुख्यौंली भाषा सिकाउँदा प्रभावकारी हुने अध्ययनले देखाएको छ। मातृभाषामा आधारित पुख्यौंली भाषा शिक्षाका लागि सम्बन्धित मातृभाषामा प्रकाशित पाठ्यक्रम र पाठ्यपुस्तक मुख्य स्रोत हुन् । चाउ (सन् २०२३) का अनुसार पुख्यौंली मातृभाषी समुदायका बालबालिकाको भाषामा शिक्षा दिनाका लागि मातृभाषाका पाठ्यक्रम र पाठ्यपुस्तक आवश्यक पर्दछन्। विद्यालयमा भर्ना हुन जाने बालबालिकालाई मातृभाषामा आधारित पुख्यौंली भाषामा शिक्षा दिने परिवेशको सिर्जना गर्न उनीहरूको स्तर र रुचिअनुसारका पाठ्यपुस्तक अझसम्म पनि पर्याप्त छैनन्। पुख्यौंली मातृभाषा शिक्षा कार्यान्वयन गर्ने नीतिगत व्यवस्था रहे पनि पाठ्यक्रम र पाठ्यपुस्तकको अभावमा कार्यान्वयनका तहमा अपेक्षित सफलता प्राप्त नहुने देखिन्छ।

आधारभूत तहका मगर समुदायका बालबालिकाको पुख्यौंली मगर भाषा सिकाइमा नेपाली भाषाको उपयोगिता सम्बन्धमा अध्ययन आवश्यक देखिन्छ । नेपाली मातृभाषी मगर विद्यार्थीको पुख्यौंली भाषा सिकाइका लागि निम्नलिखित विश्लेषण ढाँचा अँगालिएको छ :

आरेख नं. १



उल्लिखित ढाँचाका आधारमा मगर विद्यार्थीको पुर्ख्यौली भाषा सिकाइ र पुर्ख्यौली मगर भाषा सिकाइमा नेपाली भाषाको उपयोगिताबारे अध्ययन गरिएको छ । मुख्यतः यी दुई आशय (थिम)मा आधारित भई प्राप्त विचारलाई विश्लेषण गरी अध्ययनलाई निष्कर्षमुखी बनाइएको छ ।

अध्ययन विधि

यो लेख गुणात्मक अनुसन्धान पद्धतिमा आधारित छ । यसअन्तर्गत घटनाक्रियात्मक विधिको प्रयोग गरिएको छ । खनाल (२०८०) ले भनेझैँ व्यक्तिको अनुभूति वा अनुभवकै आधारमा यसको अर्थापन निर्धारण हुनाले यसमा पनि कास्की जिल्लाको ग्रामीण क्षेत्रमा रहेको मगर समुदायका विद्यार्थीले अध्ययन गर्ने विद्यालयका शिक्षक र विद्यार्थीलाई तथ्य सङ्कलनको क्षेत्र बनाइएको छ । कक्षा ४ र ५ मा अध्ययनरत मगर समुदायका नेपाली पहिलो भाषी विद्यार्थी र ती विद्यार्थीलाई नेपाली र मगर भाषा शिक्षण गर्ने शिक्षकसँगको कुराकानीका आधारमा यो लेख तयार पारिएको छ । मगर मातृभाषी शिक्षकलाई ‘क’ र नेपाली शिक्षकलाई ‘ख’ सङ्केत गरी चिनाइएको छ । त्यसैगरी कक्षा ४ र ५ का दुई दुई जना विद्यार्थीलाई क्रमशः ‘१, २, ३ र ४’ गरेर सङ्केत गरिएको छ । शिक्षक र विद्यार्थीसँगको कुराकानीलाई लिप्यन्तरण गरी सङ्गठित आशय निर्माणपश्चात् मुख्य आशय बनाइएको छ । आशय निर्माण गर्दा ब्राउन र क्लार्क (सन् २००६) ले गुणात्मक तथ्यको विश्लेषणको लागि सुझाएका पक्षलाई आत्मसात् गरिएको छ । भनाइको पुष्टि र अर्थापनका लागि सहभागीको मुख्य भनाइलाई समावेश गर्दै पूर्वकार्यलाई आधार मानी निष्कर्षमा पुगिएको छ ।

पुर्ख्यौली भाषा सिकाइको अवस्था

बालबालिकाले परिवारमा सर्वप्रथम सिकेको भाषालाई मातृभाषा भनिन्छ । सामाजिक सम्पर्कको प्रभाव बढ्दै गएपछि मातृभाषाको प्रयोग हराउँदै जान्छ र भाषाको स्वाभाविक प्रयोगमा समस्या सिर्जना हुन थाल्छ । नेपाली भाषाको

प्रभावले गर्दा बालबालिकाका अभिभावकले नेपाली भाषालाई नै मातृभाषाका रूपमा प्रयोग गर्दै आइरहेका छन् । यस्तो स्थितिमा पुर्खाको मातृभाषा उनीहरूका लागि दोस्रो भाषा बन्न पुग्छ । आफ्नो समुदायको पुर्ख्यौली भाषा सिक्न सिकारु निकै उत्साहित हुन्छन् । यस्तो अवस्थामा विद्यालयमा पुर्ख्यौली भाषा मगर सिकाइका बारेमा मगर मातृभाषी शिक्षक 'क' को भनाइ यस्तो रहेको छ –

> विद्यालयमा अध्ययन गर्न आउने विद्यार्थीहरू मगर समुदायका मात्र भएकाले उनीहरूलाई मगरभाषालाई पुर्ख्यौली भाषाका रूपमा सिकाउन सहज भएको छ । मगरबाहेक अन्य जातजातिको बसोबास यस क्षेत्रमा नभएकाले पनि एकै समुदायका बालबालिकालाई पुर्ख्यौली मगर भाषा सिकाउन सहज नै भएको छ । कक्षा १ मा आउँदा मगर भाषा नजान्ने बालबालिकालाई सिकाउँदै जाँदा कक्षा ५ सम्म पुग्दा मगर भाषामा बोल्न र लेख्न सक्षम भएका छन् ।

मगर समुदायका बालबालिका मात्र विद्यालयमा अध्ययन गर्न आउने भएकाले पुर्ख्यौली मगर भाषा सिकाइ सहज बनेको मगर मातृभाषी शिक्षकको भनाइ रहेको छ । पुर्ख्यौली भाषा सिकाइले बालबालिकाको भाषिक सम्पदाको संरक्षणमा उपयुक्त वातावरण सिर्जना हुन सक्दछ (बेल, सन् २०१०, पृ.२) । यस्तो भाषा कुनै पनि जाति वा समुदायको वास्तविक पहिचानको भाषा भएकाले पनि यसलाई भाषिक सम्पदाका रूपमा विकास गर्न सकिन्छ । पुर्ख्यौली भाषा मगर भए पनि मगर समुदायका बालबालिकाको मातृभाषा नेपाली हो । नेपाली मातृभाषी परिवेशबाट आएका मगर बालबालिकालाई पुर्ख्यौली भाषा दोस्रो बन्न पुग्छ । दोस्रो भाषाका रूपमा पुर्ख्यौली भाषा सिक्दै गरेका विद्यार्थीलाई सुरुसुरुमा मगर भाषा सिक्न कठिन हुन्छ । विस्तारै सिक्दै गएपछि सहज भएको विचार विद्यार्थी '४' ले यसरी प्रस्तुत गरेका छन् –

> हामी घरमा नेपाली भाषा बोल्छम् । बाबाआमा नि नेपाली भाषामा बोल्नुहुन्छ । विद्यालयमा आएपछि मगर भाषामा पढ्न थालेको ... एक कक्षादेखि नै । हामी 'कानुङ मगर ढुट' किताब पढ्छम् । सरबाट मगर भाषामा पढ्दा मेरो सिकाइमा सुधार हुँदै गएको छ । म मगर भाषामा कुराकानी गर्न र लेख्न पनि सक्छु । मगर भाषाको लेख्ने तरिकाबारे पनि सरले हाम्लाई सिकाउनु हुन्छ । म नेपालीमा नै मगर भाषालाई लेख्न सक्छु ।

विद्यार्थीहरू कक्षा १ बाट ५ सम्म पुग्दा मगर पुर्ख्यौली भाषामा बोल्न र लेख्न सक्ने भएका छन् । उनीहरूलाई माध्यमका रूपमा नभएर विषयका रूपमा मगर भाषा सिकाउँदा पनि मगर भाषामा दक्षता विकास हुँदै गएको देखिन्छ । शिक्षकले सामान्य बोलीचालीका कुरादेखि मगर भाषामा लेख्नसमेत सिकाएकाले मगर भाषाप्रति विद्यार्थीको दक्षता बढ्दै गएको देखिन्छ । उनीहरू विद्यालयमा विषयका रूपमा मगर सिक्दा पनि मगर भाषामा बोल्न र लेख्न सक्नु पुर्ख्यौली मगर भाषा सिकाइको अवस्था उत्कृष्ट रहेको मान्न सकिन्छ । विद्यार्थीले पुर्ख्यौली भाषालाई आफ्नो मातृभाषाको स्थान दिन सक्ने अवस्था सिर्जना गर्न सकिएमा सिकाइ प्रभावकारी हुन्छ (अलार्कन, सन् २०१०, पृ.३) । बालबालिकालाई सिकाइको प्रारम्भिक अवस्थामा पुर्ख्यौली भाषा सिकाउँदा त्यसलाई मातृभाषाका रूपमा विकास गर्न सकेमा त्यो भाषाको संरक्षण पनि हुन सक्दछ । पुर्ख्यौली भाषाले विद्यार्थीलाई आफ्नो पौराणिक सामाजिक, सांस्कृतिक, भाषिक अवस्थालाई पहिचान गर्न मद्दत गर्दछ । आफ्नो मातृभाषालाई अन्य भाषाको प्रभावबाट स्वतन्त्र बनाउन पुर्ख्यौली भाषा सिकाइ आवश्यक हुन्छ (बिउड्राइ र लोजा, सन् २०२३, पृ.५) । कुनै पनि समुदायको मातृभाषा लोप हुनाका पछाडि अन्य भाषाको प्रभाव मुख्य कारण हुन्छ । त्यसबाट मुक्त गर्नका लागि पनि पुर्ख्यौली भाषामा बालबालिकालाई शिक्षा दिनु उपयुक्त देखिन्छ । पुर्ख्यौली भाषा सिक्ने बालबालिकामा दोस्रो भाषा सिक्ने अन्य

सिकारुभन्दा फरक विशेषता रहेको बताइन्छ (बिउड्राइ र अन्य, सन् २०१४, पृ.१) । पुर्ख्यौली भाषा उनीहरूको पहिचानको भाषा भएकाले त्यसमा उनीहरू सिकाइका लागि मानसिक रूपमा तयार हुन्छन् । सिकाइका क्रममा बालबालिकाले सहज तरिकाले पुर्ख्यौली भाषा सिक्न सक्ने सामग्री प्रयोग गर्नुपर्दछ ।

नेपाली भाषा सिकाइ

आधारभूत तहमा अध्ययनरत मगर समुदायका बालबालिका नेपाली मातृभाषी परिवेशबाट आएका छन् । उनीहरूले पुर्ख्यौली मगर भाषालाई विद्यालयमा आएपछि मात्र सिक्न थालेका हुन् । विद्यार्थीले पुर्ख्यौली भाषा प्रयोग नगरी दोस्रो भाषा मात्र बोलेमा उनीहरूमा पुर्ख्यौली भाषा सिकाइ कमजोर हुन्छ । बालबालिकाले घर परिवारमा सिकेको भाषामा सिकाइ सुरुवात गर्दा प्रभावकारी हुन्छ (सेन, सन् २०२२,पृ. २) भनिए पनि घर परिवारमा सिकेको भाषाका सहयोगबाट दोस्रो भाषा सिकाइ सफल बन्दछ । मगर विद्यार्थीलाई नेपाली शिक्षण गरेका शिक्षक 'ख' को धारणा यसप्रकार रहेको छ –

> आधारभूत तहमा अध्ययन गर्ने आउने मगर समुदायका बालबालिका नेपाली मातृभाषी परिवेशबाट आएका छन् । उनीहरूको परिवारमा मगर भाषा नबोलिने भएकाले नेपाली भाषामा बोल्न सक्षम रहेका छन् । मगर भाषा सिकाइका क्रममा आवश्यकताअनुसार उनीहरूलाई नेपाली भाषाबाट सिकाइन्छ ।

आधारभूत तहमा अध्ययन गर्ने मगर समुदायका विद्यार्थीहरू नेपाली मातृभाषा बोलेको पाइन्छ । उनीहरूलाई पुर्ख्यौली भाषा मगर सिकाइभन्दा नेपाली सिकाइ नै सहज लागेको छ । विद्यालयमा पुर्ख्यौली भाषा पठनपाठन गरिएको भए पनि उनीहरुलाई मगरभन्दा नेपाली भाषा नै सहज लाग्ने गरेको कक्षा ५ का विद्यार्थी 'ख' को अनुभव छ –

> हाम्रो घरमा बाबाआमाले नेपाली भाषा बोल्नुहुन्छ । परिवारमा नेपाली बोलिने हुनाले मलाई नेपाली भाषामा राम्रोसँग बोल्न आउँछ । स्कुलमा मगर भाषामा पढाइ हुन्छ । मगर भाषा घरमा नबोलिने भएकाले बोल्न सजिलो लाग्दैन । अलि अलि मगर भाषामा बोल्न र लेख्न पनि सक्छु । मलाई त मगर भाषाभन्दा नेपालीमा पढ्न नै सजिलो लाग्छ । मगर भाषा पनि धेरै सिकेको छु । कुराकानी गर्न सक्छु । अहिले त घरमा पनि बाबाआमालाई मैले मगर भाषा सिकाउँछु ।

मगर समुदायका विद्यार्थीहरू घरमा नेपाली मातृभाषा बोल्ने भएकाले उनीहरूलाई नेपाली सिकाइमा समस्या रहेको पाइँदैन । अध्ययनका क्रममा मगर भाषालाई पुर्ख्यौली भाषाको रूपमा अध्ययन गरे पनि मगरभन्दा नेपाली नै राम्ररी जानेको विद्यार्थीको भनाइ रहेको छ । नेपाली मातृभाषी परिवेशबाट आएका हुनाले उनीहरूलाई नेपाली भाषामा सिकाइ सुरुवात भए पनि पुर्ख्यौली भाषा सिकाइमा समस्या रहेको पाइँदैन । मगर भाषामा पढ्न भन्दा नेपाली भाषा सजिलो भएको हुनाले विद्यार्थीमा नेपाली सिकाइप्रति आकर्षण रहेको छ । पुर्ख्यौली भाषा सिकाइ भन्दा मूल भाषा सिकाइ सहज हुन्छ (पोलिन्स्की, सन् २०१४, पृ.५) । विद्यार्थीले नेपालीका शब्दलाई राम्रोसँग बुझेर अर्थ्याउन सक्ने भएका हुनाले पाठ्यपुस्तकमा रहेका विभिन्न विधाका पाठहरू अध्ययन गर्न कुनै पनि समस्या देखिँदैन ।

शिक्षण सिकाइमा नेपाली र पुर्ख्यौली भाषाको सम्बन्ध

आधारभूत तहमा अध्ययनरत मगर समुदायका बालबालिकालाई पुर्ख्यौली भाषा सिकाउँदा नेपाली भाषाको सम्बन्धका आधारमा शिक्षण गरिएको छ । बालबालिकाको पहिलो भाषाका सहयोगबाट दोस्रो भाषा सिकाउँदा उनीहरूले सजिलै दोस्रो भाषा सिक्न सक्दछन् (नेस्टरुक, सन् २०१०, पृ.२७) । दोस्रो भाषा सिकाउँदा पहिलो भाषाका

माध्यमबाट सिकाउन सकिन्छ। पहिलो भाषामा दक्ष बालबालिका दोस्रो भाषा सिकाइमा पनि सक्षम हुन्छन्। नेपालको सन्दर्भमा राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रमका लागि गरिएका विभिन्न अध्ययनअनुसार नेपाली भाषा सिकाइमा दोस्रो भाषाका रूपमा नेपाली प्रयोग गर्ने बालबालिकालाई मातृभाषाका रूपमा नेपाली बोल्ने बालबालिका भन्दा तुलनात्मकरूपमा बढी सहयोग चाहिने तथ्य उजागर गरेको छ (पाविके, २०७७, पृ.५)। बालबालिकालाई नेपाली भाषाका शब्दको आधारमा पुर्ख्यौली भाषा सिकाउन सहज बनेको शिक्षक 'क' को धारणा यसप्रकार रहेको छ –

> मगर समुदायका नेपाली मातृभाषी बालबालिकालाई पुर्ख्यौली मगर भाषा सिकाउँदा नेपाली भाषामा धारणा बसाएपछि मात्र सहज बनेको छ। जुन बालबालिका नेपाली भाषामा दक्ष छन्। उनीहरूलाई पुर्ख्यौली भाषा सिकाउन पनि सजिलो हुन्छ। नेपाली भाषामा कमजोर बालबालिका पुर्ख्यौली भाषा सिकाइमा पनि कमजोर नै रहेका छन्।

मगर समुदायका नेपाली मातृभाषी बालबालिकालाई नेपाली शिक्षण गरेका शिक्षकले बालबालिकामा नेपाली सिकाइको दक्षता विकास भएको बताएका छन्। उनले बालबालिकालाई नेपालीमा सक्षम भएपछि मात्र पुर्ख्यौली भाषा सिकाउन सहज हुने धारणा शिक्षक 'ख' ले पनि व्यक्त गरेका छन् –

> बालबालिकाले नेपाली भाषा राम्ररी सिकेमा त्यसको उपयोग पुर्ख्यौली मगर भाषामा सिकाइमा पनि गर्न सकिन्छ। नेपाली भाषा सिकाइमा सक्षम बालबालिका पुर्ख्यौली भाषामा पनि दक्ष छन् र नेपाली भाषामा कमजोर बालबालिका पुर्ख्यौली मगर भाषा सिकाइमा पनि कमजोर छन्। यसैले नेपाली भाषा र पुर्ख्यौली मगर भाषा सिकाइको सम्बन्ध रहेको छ।

नेपाली भाषा अध्ययन गरेका मगर समुदायका बालबालिकालाई पुर्ख्यौली मगर भाषा सिकाइका बारेमा जानकारी लिइएको छ। आफूलाई नेपाली भाषा सिकाइमा त्यति सजिलो नभएकाले पुर्ख्यौली मगर भाषा सिकाइमा पनि सजिलो नभएको कक्षा ४ का विद्यार्थी '१' को भनाइ यसप्रकार रहेको छ – हाम्रो घरमा नेपाली भाषा बोलिन्छ। मगर भाषा विद्यालयमा आएपछि मात्र सिकेको हो। मलाई नेपाली भाषा राम्रोसँग पढ्न आउँदैन। मलाई नेपाली भाषाभन्दा मगर भाषा झन् अप्ठ्यारो लाग्छ। नेपाली र मगर पुर्ख्यौली भाषा सिकाइको एकआपसमा सम्बन्ध रहेको छ। आधारभूत तहमा अध्ययन गर्ने बालबालिकामध्ये नेपाली भाषा सिकाइमा दक्ष रहेका मगर पुर्ख्यौली भाषा सिकाइमा पनि दक्ष रहेका छन् भने नेपाली भाषामा कमजोर रहेका विद्यार्थी पुर्ख्यौली भाषा सिकाइमा पनि कमजोर नै भएको पाइन्छ। नेपाली र मगर भाषा सिकाइको सम्बन्ध रहेको कुरा विद्यार्थीको सिकाइ र शिक्षकको भनाइले स्पष्ट पारेको छ।

पुर्ख्यौली मगर भाषा सिकाइमा नेपाली भाषाको उपयोगिता

मगर समुदायका विद्यार्थीलाई पुर्ख्यौली मगर भाषा सिकाइका क्रममा शिक्षकले नेपाली भाषाको उपयोग गरेका छन्। पहिला विद्यार्थीलाई नेपाली भाषामा धारणा बसाएपछि मात्र मगर भाषा सिकाइलाई अगाडि बढाइएको छ। विद्यार्थीहरूले मगर पुर्ख्यौली भाषा सिक्नका लागि नेपाली भाषालाई नै प्रमुख आधार बनाएका छन्। यसरी भाषा सिक्दा विद्यार्थीमा पुर्ख्यौली भाषा सिकाइ सहज बनेको देखिन्छ। नेपाली भाषा सिकाइमा दक्ष विद्यार्थीहरू पुर्ख्यौली मगर भाषामा पनि दक्ष रहेको कुरा शिक्षक 'क' को अनुभवबाट पुष्टि हुन्छ –

> विद्यार्थीलाई पुर्ख्यौली मगर भाषा सिकाउनका लागि नेपाली भाषाको उपयोग गरी सिकाइएको छ। पहिला नेपाली भाषामा कुनै पनि वस्तुबारेमा धारणा बसाएपछि पुर्ख्यौली मगर भाषा सिकाइ सहज बनेको छ।

> पुख्र्यौली भाषा सिकाउँदा पनि नेपालीको उपयोग गरेर शिक्षण गरिएको छ । नेपाली भाषाको उपयोगबाट विद्यार्थीको मगर भाषा सिकाइ सहज बनेको छ ।

मगर समुदायका बालबालिकालाई विद्यालयमा मगर पुख्र्यौली भाषा सिकाउनका लागि नेपाली भाषाबाट सहज बनेको छ । मगर र नेपाली भाषा सँगै सिकाइएकाले मगर भाषा सिकाइमा नेपालीको उपयोग रहेको पाइन्छ । नेपाली भाषाका आधारमा पुख्र्यौली मगर भाषा सिकाइएको र कक्षामा मगर भाषा सिकाउँदा नेपाली भाषाका माध्यमबाट सहज भएको कक्षा ४ का विद्यार्थी '२' को भनाइ यसप्रकार रहेको छ –

> हाम्रो घरमा मगर भाषा बोलिँदैन । हामी नेपाली भाषा बोल्ने गर्छौं । विद्यालयमा आएपछि हामीले मगर भाषा पनि सिकेको हो । नेपाली भाषाका आधारमा मलाई मगर भाषा सिक्न सजिलो लाग्छ । नेपाली भाषाको प्रयोग गरी मगर भाषा सिक्दा मलाई मगर भाषा बोल्न र लेख्न पनि आउन थालेको छ ।

आधारभूत तहमा अध्ययनरत मगर समुदायका बालबालिकाले नेपाली भाषालाई मातृभाषाका रूपमा प्रयोग गरेका छन् । उनीहरूको अध्ययनको प्रमुख माध्यम नेपाली भाषा नै रहेको छ । नेपाली भाषामा दक्षता हासिल गर्दै मगर पुख्र्यौली भाषालाई उनीहरूले सिकेको पाइन्छ । विद्यार्थीको दोस्रो भाषा सिकाइको आधार नेपाली भाषा भएकाले नेपालीमा दक्ष बालबालिका दोस्रो भाषा पुख्र्यौली मगर भाषा सिकाइमा पनि दक्ष रहेका छन् । भाषालाई आदर्श अवस्थामा राख्न सकिएमा त्यसको महत्व रहने भएकाले पुख्र्यौली भाषालाई आदर्श भाषा बनाउन नेपाली भाषाको सहयोग आवश्यक पर्छ । प्रबुद्ध समाजले भाषालाई आदर्श अवस्थामा नराखेमा त्यो भाषा समाप्त हुन जान्छ (आयरेस बेनेट र भ्यान ओस्टाडे, सन् २०१६, पृ.२३) । कुनै पनि भाषा अन्य भाषाको तुलनामा आदर्श हुन नसक्ने भएकाले नेपाली भाषालाई पुख्र्यौली मगर भाषाको सिकाइमा उपयोग गर्न सकिन्छ । कुनै भाषाको वक्ता अन्य भाषाको भन्दा श्रेष्ठ हुन सक्दैन (फिलिप, सन् २०२३, पृ.२४) । भाषा प्रयोगकर्ताले सहजता र भाषालाई राम्रो बनाउन वक्ताहरू बिचको प्राकृतिक भिन्नता बारेमा अध्ययन गर्नु आवश्यक छ (चेलिया र विलेम, सन् २०१०, पृ.२४) । मगर समुदायका विद्यार्थीलाई पुख्र्यौली मगर भाषा सिकाइमा नेपाली भाषाको उपयोगिता रहेको देखिन्छ । आधारभूत तहका मगर समुदायका नेपाली भाषी बालबालिकालाई मगर पुख्र्यौली भाषा सिकाउँदा नेपाली भाषाको उपयोग गरी सिकाउँदा मगर भाषा सिकाइ सहज हुन्छ । नेपाली र मगर पुख्र्यौली भाषासँगै सिकाउँदा त्यसबाट विद्यार्थीको सिकाइमा सुधार भएको छ ।

पुख्र्यौली भाषा सिकाइका चुनौती र समाधान

आधारभूत तहका मगर समुदायका नेपाली मातृभाषी बालबालिकालाई पुख्र्यौली मगर भाषा शिक्षण सिकाइका क्रममा विविध खालका समस्या रहेका छन् । स्थानीय समुदाय नेपाली मातृभाषी रहेको अवस्थामा विद्यार्थीलाई मगर भाषा सिकाउँदा त्यसको प्रभावकारिता लक्ष्यअनुरूप हुन नसकेको पाइन्छ । दोस्रो भाषा सिकाइ पहिलो जस्तो सहज नहुने भएकाले यसमा थुप्रै चुनौती रहेका हुन्छन् । बालबालिकाको परिवारमा सिकिने भाषाले गर्दा दोस्रो भाषा सिकाइमा असर पारेको हुन्छ (जोनसन र ह्वाइट, सन् २००९, पृ.१३६) । प्रारम्भिक अवस्थामा सिकेको भाषा बालबालिकालाई सहज हुन्छ । विद्यालयमा गएर एकैचोटि नयाँ भाषा सिक्नुपर्ने बाध्यात्मक अवस्था आएमा बालबालिका विद्यालयमा नियमित जान मन नपराउने पनि हुन्छन् । बालबालिकाको भाषिक पृष्ठभूमिले उनीहरूको दोस्रो भाषा सिकाइमा असर पारेको हुन्छ । घरपरिवार र सामाजिक रूपमा प्रयोग हुने भाषा विद्यार्थीका लागि उपयोगी हुने भएकाले दोस्रो भाषा सिकाइमा यसको प्रयोग हुन नसकेमा चुनौती देखिन्छ (भान र अन्य, सन् २०१२,

पृ.१३८) । बालबालिकाको उमेर र सामाजिक अवस्थाले भाषा सिकाइमा चुनौती थपेको हुन्छ । कुनै पनि बालबालिका पाँचदेखि बाह् वर्ष उमेरमा आफ्ना साथीहरूको प्रभावमा र विद्यालयमा गएर दोस्रो भाषा सिकाइ कार्य अगाडि बढाउने क्रममा थुप्रै समस्याको सामना गर्नुपरेको हुन्छ (लाबोभ, सन् १९८९, पृ.१४०) । बालबालिकालाई दोस्रो भाषाको मानक रूप प्रयोग गर्नका लागि दोस्रो भाषा सिकाइमा पहिलो भाषाको प्रयोगबाट सहज हुन्छ । दोस्रो भाषाको व्यवस्थित सिकाइ चुनौतीपूर्ण रहेको हुन्छ ।

आधारभूत तहका मगर मातृभाषी विद्यार्थीलाई दोस्रो भाषाका रूपमा पुर्ख्यौली भाषा सिकाउन थुप्रै चुनौती रहेका छन् । विद्यालयले सबै व्यवस्थापन गर्न नसकेमा भाषा सिकाइ सफल हुन सक्दैन । यसका लागि विद्यालय तथा स्थानीय तहबाट स्थानीय भाषा संरक्षणका लागि विशेष व्यवस्था गर्नुपर्ने अवस्था देखिन्छ । नेपाली पहिलो भाषी विद्यार्थीलाई दोस्रो भाषाका रूपमा पुर्ख्यौली मगर भाषा सिकाउँदा देखा परेका चुनौतीका बारेमा शिक्षक 'क' को धारणा यसप्रकार रहेको छ –

> मगर भाषी विद्यार्थीको पारिवारिक भाषिक अवस्थाका कारण दोस्रो भाषा सिकाइमा कठिनाइ रहेका छन् । बालबालिकाको सामाजिक पृष्ठभूमि पनि नेपाली भाषिक रहेको छ । बालबालिकालाई अभिभावकबाट पुर्ख्यौली भाषा सिकाइमा सहयोग हुँदैन । विद्यार्थीको पुर्ख्यौली भाषा सिकाइका लागि पाठ्यक्रम, पाठ्यसामग्रीका साथै दक्ष भाषा शिक्षकको आवश्यकता पर्छ । स्थानीय तहले दक्ष मगर भाषा शिक्षक व्यवस्थापनका लागि आवश्यक वजेट व्यवस्थापन गर्न नसक्नु पनि चुनौती रहेको छ ।

आधारभूत तहमा अध्ययनरत मगर समुदायका बालबालिकालाई पुर्ख्यौली मगर भाषा सिकाइमा रहेका चुनौतीलाई शिक्षकले उल्लेख गरेको पाइन्छ । स्थानीय तहमा दक्ष मगर भाषा शिक्षक पाउन कठिन छ । राज्यले मातृभाषी शिक्षक व्यवस्थापन गरेको छैन । स्थानीय तह शिक्षक व्यवस्थापन गर्न चासो राख्दैन । उसले सामान्य वजेट व्यवस्थापन गर्ने बाहेक अन्य केही गर्न सक्ने अवस्थामा देखिँदैन । अभिभावकले पनि बालबालिकालाई पुर्ख्यौली भाषा सिकाइका लागि खासै चासो देखाएको पाइँदैन । उनीहरू बालबालिकालाई पुर्ख्यौली भाषाभन्दा अङ्ग्रेजी भाषा पढाएमा बढी खुसी देखिन्छन् । आधारभूत तहका मगर समुदायका बालबालिकालाई पुर्ख्यौली भाषा सिकाउनु चुनौतीपूर्ण रहेको देखिन्छ । पुर्ख्यौली भाषा सिकाइमा देखिएका उल्लिखित चुनौतीको समाधान गर्न सकिएमा मात्र यस भाषा सिकाइले सफलता पाउन सक्छ । अन्यथा पुर्ख्यौली भाषा सिकाइ केवल कल्पना र योजनामा मात्र सीमित हुन जान्छ ।

छलफल

आधारभूत तहका कक्षा ४ र ५ मा अध्ययनरत मगर समुदायका नेपाली भाषी बालबालिकाले विद्यालयमा गएपछि पुर्ख्यौली मगर भाषामा अध्ययनको अवसर पाएका छन् । उनीहरूका लागि नेपाली भाषा पुर्ख्यौली भाषा सिकाइको आधार बनेको छ । मातृभाषाले दोस्रो भाषा सिकाइमा सहयोग गर्ने विषयमा कमिन्स (सन् १९८६), फिसम्यान (सन् २००१), मुजुरा (सन् २०१६) ले जोड दिएका छन् । छलफलमा सहभागी विद्यार्थीले पुर्ख्यौली भाषा सिकाइका लागि नेपाली भाषाको आधार लिइएको र नेपाली भाषासँगै पुर्ख्यौली भाषा सिक्न पाएको उल्लेख गरेका छन् । देसाइ (सन् २०१२), बिउडायर (सन् २०२१), चौधरी र सिल (सन् २०२१) ले अल्पसङ्ख्यक समुदायको मातृभाषालाई संरक्षण गर्नुपर्ने कुरामा जोड दिएका छन् । मगर समुदायका बालबालिकाको पुर्ख्यौली मगर भाषा संरक्षण गर्ने हेतुले उक्त भाषामा पठनपाठन सुरु गरिएको छ र स्थानीय तहले अल्पसङ्ख्यक मगर समुदायको पुर्ख्यौली भाषा संरक्षणका लागि मगर भाषामा पठनपाठन थालेको देखिन्छ । चाउ (सन् २०२३) ले पुर्ख्यौली भाषाका पाठ्यसामग्री उपलब्ध भएमा

पठनपाठन उपयोगी हुने बताएका छन् । सहभागी शिक्षकले विद्यार्थीको स्तर र रुचिअनुसारका पाठ्यसामग्री पुर्ख्यौली भाषामा उपलब्ध भएकाले शिक्षण सहज भएको बताएबाट यस कुराको पुष्टि भएको छ ।

मगर समुदायका बालबालिकाले विद्यालयमा पुर्ख्यौली भाषालाई स्थानीय विषयका रूपमा सिकेका छन् । मुजुरा (सन् २०१२) ले बालबालिकालाई पुर्ख्यौली भाषा सिकाउँदा उनीहरूको संस्कृति र मातृभाषाको उपयोग गर्न सकिने बताएका छन् । अध्ययनका क्रममा सहभागीले पुर्ख्यौली भाषा सिकाइका लागि आफ्नो भाषा र संस्कृतिका आधारमा सिकाइएको प्रस्ट पारेका छन् । बालबालिकाको पुर्ख्यौली भाषा सिकाइमा सुधार हुँदै गएको पाइन्छ । उनीहरू पुर्ख्यौली मगर भाषामा बोल्न, मगर भाषामा लेखिएका सामग्रीको अर्थ बुझेर पढ्न र लेख्न सक्ने भएका छन् । चाउ (सन् २०२३) ले बालबालिकालाई पुर्ख्यौली भाषामा शिक्षा दिनका लागि उनीहरूको रुचिअनुसारका सामग्री पर्याप्त हुनुपर्ने बताएका छन् । मातृभाषामा उपलब्ध सामग्रीका आधारमा दोस्रो भाषा सिकाउन सकिने स्पष्ट बनाएको छ । नेपाली मातृभाषी मगर विद्यार्थीलाई नेपाली भाषामा तयार पारिएका सामग्रीका आधारमा पुर्ख्यौली भाषा सिकाउन सकिने पूर्वकार्य, सिद्धान्त र सहभागीको विचारले स्पष्ट पारेको छ ।

निष्कर्ष

आधारभूत तहमा अध्ययन गर्ने विद्यार्थी फरकफरक भाषिक परिवेशका हुन्छन् । बालबालिकाको भाषाका आधारमा ऊ कुन समुदायबाट आएको भन्ने पहिचान हुन्छ । बालक आफ्नो छरछिमेक र साथीभाइको सम्पर्कमा आएपछि दोस्रो भाषा सिक्न थाल्दछ । मातृभाषी समुदायको सम्पर्कमा आएपछि बालकले आफ्नो भाषालाई परिष्कृत गर्दै जान्छ । आधारभूत तहमा अध्ययन गर्ने बालबालिकालाई नेपाली भाषा सिकेपछि पुर्ख्यौली मातृभाषाका रूपमा मगर भाषा पठनपाठन आवश्यक छ । विद्यार्थीका लागि उपयुक्त पाठ्यसामग्री भएमा पुर्ख्यौली मगर भाषा र नेपाली भाषालाई सँगै सिकाउन सकिन्छ । नेपाली र मगर भाषासँगै सिकाउँदा विद्यार्थीमा पुर्ख्यौली भाषाप्रतिको सिकाइ विकास हुँदै गएको छ । पुर्ख्यौली मगर भाषा सिकाइमा नेपाली भाषाको उपयोगले गर्दा सिकाइ सहज बन्छ । नेपाली मातृभाषी मगर समुदायका बालबालिकालाई पुर्ख्यौली मगर भाषा सिकाइका लागि मुख्य समस्या मातृभाषा शिक्षक सहज उपलब्ध नहुनु रहेको छ । राज्यबाट मातृभाषा शिक्षक व्यवस्थापन, स्थानीय अभिभावकको पुर्ख्यौली भाषा सिकाइप्रतिको चासो भएमा आधारभूत तहमा मातृभाषामा आधारित पुर्ख्यौली भाषा सिकाइ उपलब्धिपूर्ण हुने देखिन्छ ।

सन्दर्भ सामग्री

अधिकारी, हेमाङ्गराज (२०६७), नेपाली भाषा शिक्षण, विद्यार्थी पुस्तक भण्डार ।

आयरिस बेनेट /Ayres-Bennett, W., & van Ostade, I. T. B. (2016). Prescriptivism in a Comparative Perspective. The Case of France and England. *Prescription and Tradition in Language: Establishing Standards across Time and Space,* 105-20.

कमिन्स / Cummins, J. (1983). *Heritage language education: A literature review.* Ministry of Education, Ontario, Canada.

खनाल, पेशल (२०८०), *शैक्षिक अनुसन्धान पद्धति*, सनलाइट पब्लिकेसन ।

चाउ /Chou, S.C. (2023). *Taiwan's bilingual 2030 policy : challanges for higher education faculty.* Kent state university cillege .

चेलिया र विलेम /Chelliah, S. L., & Willem, J. (2010). *Handbook of descriptive linguistic fieldwork.* Springer Science & Business Media.

चौधरी / Chaudhary, A., Shil, N.C. (2021). Thinking 'Qualitative' through a case study : Homework for a researcher .*American Journal of qualitative research. 5(2),* 190-210. (https://www.ajqr.org/article/thinking-qualitative-through-a-case-study-homework-for-a-researcher-11280)

जुन / Jun C. K. (2021). *Mother tongue use in informal indigenous education : The perspectives of orang asli volunteer teachers in peninsular Malaysia.* (Unpublished PHD Thesis). University of Western Australia.

जोनसोन / Johnson, D. E. (2009). Getting off the GoldVarb standard: Introducing Rbrul for mixed-effects variable rule analysis: Mixed-effects variable rule analysis. *Language and Linguistics Compass,* 3(1), 359–383. https://doi.org/10.1111/j.1749-818X.2008.00108.x

देसाइ / Desai, Z.K. (2012). A case for mother tongue education (Unpublished Phd Thesis). University of westwrn Cape.

नाउरी / Nouri, N. (2024). *Teachers perceptions of translanguaging as special justice and social-emotional practice in U.S. bilingual classrooms* (Unpublished PHD Thesis). Alliant

नेपाल सरकार (२०७२), *नेपालको संविधान*, नेपाल सरकार ।

नेस्टेरुक / Nesteruk, O. (2010) Heritage language maintenance and loss among the children of Eastern European immigrants in the USA. *Journal of Multilingual and Multicultural Development,* 31(3), 271-286.

पाठ्यक्रम विकास केन्द्र (२०७६), *विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप*, पाविके ।

पोलिन्स्की / Polinsky, M. (2015). Heritage languages and their speakers: State of the field, challenges, perspectives for future work, and methodologies. *Zeitschrift für Fremdsprachwissenschaft*, 26, 7- 27. https://www.dgff.de/assets/Uploads/ausgaben zff/ZFF-1-2015-Polinsky.pdf

फिलिप / Philip, M.N.(2023). *Academic stress and cultural coping: The moderating effect of heritage language proficiency on well-being in a multilingual sample.* University of Windsor.

फिसम्यान / Fishman, J. A. (2001). 300-plus years of heritage language education in the United States. In J. K. Peyton, D. A. Ranard, & S. McGinnis (Eds.), Heritage languages in America: *Preserving a national resource* (pp. 81–89). Center for Applied Linguistics and Delta Systems.

प्याक / Phyak, P. (2016). Local-Global tension in the ideological construction of english language education policy in Nepal. *English language education policy in Asia.* Springer.

ब्राउन र क्लार्क / Braun, V. and Clarke, V. (2006) Using thematic analysis in psychology. *Qualitative Research in Psychology*, 3 (2), 77 - 101. *https://doi.org/10.1191/1478088706qp063oa*

बिउड्राइ र अन्य / Beaudrie, S., Ducar, C., & Potowski, K. (2014). *Heritage language teaching: Research and practice.* Columbus, OH: McGraw-Hill Education.

बिउड्राइ र लोजा / Beaudrie, S. & Loza, S. (2023). *Heritage language program direction: Research into practice.* Routledge.

बेल / Bell, S. (2010). Project-based learning for the 21st century: Skills for the future. *The Clearing House*, 83(2), 39-43.

भान / Van Deusen-Scholl, N. (2003). Toward a definition of heritage language: Sociopolitical and pedagogical considerations. *Journal of Language, Identity, & Education,* 2(3), 211–230. https://doi.org/10.1207/S15327701JLIE0203_4

भान / van Heugten, M., Krieger, D. R., & Johnson, E. K. (2015). The developmental trajectory of toddlers' comprehension of unfamiliar regional accents. *Language Learning and Development,* 11(1), 41 65. https://doi.org/10.1080/15475441.2013.879636

मुजुरा / Muzoora, M. (2018). *Peril or promise: The realities of the implementation of mother tongue language policy in the rural primary classroom of Uganda. (PHD Thesis)*. University of Tasmania.

राष्ट्रिय तथ्याङ्क कार्यालय (२०७८) *नेपालको राष्ट्रिय जनगणना २०७८*, केन्द्रीय तथ्याङ्क विभाग।

लाबोभ / Labov, W. (1989). The child as linguistic historian. *Language Variation and Change*, 1(1), 85– 97. https://doi.org/10.1017/S0954394500000120

विली / Wiley, T. G. (2001). On defining heritage languages and their speakers. In J. K. Peyton, D. A. Ranard, & S. McGinnis (Eds.), Heritage languages in America: Preserving a national resource (pp. 29–36). Center for Applied Linguistics and Delta Systems.

सेन / Sen, Y. (2022). *Bilingual but not biliterate : The literacy of heritage language learners* (Unpublished PHD Thesis). University of delaware.

सोहामी / Shohamy, E. (2006). *Language Policy: Hidden Agendas and New Approaches.* Abingdon, Routledge.

स्पोल्स्की / Spolsky, B. (2012). *Ethnic identity and language policy : The Cambridge handbook of language policy.* Cambvridge University press.

हकला / Hakala, I. (2014). *Ethnic identity and education in the 'New Nepal' An ethnographically-oriented study of Limbu " Mother tongue" schooling* (Unpublished PHD Thesis).Faculty of the curry school of education. University of Virginia.